# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक



विज्ञापन, लेख, रचना र ताजा समाचारका लागि प्रत्येक हप्ताको बुधबार कालिकोटबाट प्रकाशन हुने मिसन न्यूज राष्ट्रिय साप्ताहिक पढ्न नभुल्नु होला । साथै

www.missionenews.com

अनलाईन पत्रिका समेत संचालनमा आएको जानकारी गरिन्छ ।



वर्ष-२ | अंक-४१ | २०७५ बैशाख १२ गते बुधबार | 25 April 2018 Wednesday | मूल्य रू. १०/-


## एमाले पाटी अध्यक्ष नेशनल शुशिल बादीको अविभावक बने

**मिसन न्यूज**

**कालिकोट**-नेकपा एमाले कालीकोटका अध्यक्ष नगिन्द्र शाही नेशनलले कालीकोटको खाँडाचक्र नगरपालिका वडा नं. १ का ७ बर्षिया शुशिल बादीलाई बिद्यालय भर्ना गरेका छन् । सरकारले यही बैशाख ५ गतेदेखी औपचारीक रुपमा सुरु गरेको बिद्यार्थी भर्ना अभियान अन्तरगत अध्यक्ष शाहीले लालपुर्जा बिहिन कृष्ण बादी र उनकी धर्मपत्नी सुर्जकला बादीका छोरा शुशिल बादीलाई बिद्यालय भर्ना गरेका हुन् । 'हामी सबैको इच्छा, निशुल्क अनिवार्य आधारभुत शिक्षा, आर्थिक सामाजिक साँस्कृतिक एवम् शारिरीक अशक्तताको कारणले बिद्यालय बाहिर रहेका बालबालिकाहरु लाई खोजि खोजि भर्ना गराउँ' भन्ने मुल नाराका साथ बिद्यार्थी भर्ना अभियान अन्तर्गत जिल्लाको खाँडाचक्र नगरपालिका वडा नं १ मा रहेको महादेब आधारभुत बिद्यालय बाल मन्दीरमा अध्यक्ष शाहीले गरीब तथा बिपन्न परिवारका शुशील बादीलाई कक्षा १ मा भर्ना गरी उनको अभिभावकत्व ग्रहण गरेकाछन् । जिल्लाको खाँडाचक्र नगरपालिका निवासी लालपुर्जा बिहिन बुवा कृष्ण बादी र आमा सुर्जकला बादीका छोरा शुसील बादीलाई महादेब आधारभुत बिद्यालय बालमन्दीरमा भर्ना गरी कक्षा १ देखी कक्षा १० सम्मको सबै पढाई खर्च आफैले बेहोर्ने प्रतिबद्धता समेत अध्यक्ष शाहीले जनाएका छन् । महादेब आधारभुत बिद्यालय बालमन्दीरकी प्रधानाध्यापक नन्दाकुमारी शाहीको अध्यक्षतामा भएको बिद्यार्थी भर्ना कार्यक्रममा उनले अभिभावकत्व दिए । उनले भने, बिद्यालय बाहिर रहेका बालबालिकाहरुलाई पढ्नबाट बन्चीत नराउनको लागि भर्ना अभियानको अबधीमा सबैले जागरुक भएर गाँउगाँउ टोलटोलमा भर्ना अभियान संचालन गर्नुपर्छ । जिल्ला शिक्षा अधिकारी बिष्णु तिवारीले कालीकोट जिल्लामा अझै २ प्रतिशत बिद्यालय उमेरका बालबालिकाहरु बिद्यालय बाहिर रहेको



पाटि अध्यक्ष नगेन्द्र शाही (नेशनल) बादी परिवारमा शुशिल बादीको अविभावक भई स्कुलमा भर्ना गर्दै

ग्रहण गर्दै कालीकोट जिल्लाका सतप्रतिशत बालबालिका बिद्यालयमा भर्ना गर्न सबैले अभियान थाल्नुपर्नेमा जोड दिए । शिक्षा बिना व्यक्ति तथा मुलुकको सम्बृद्धी नहुने बताउदै एमाले अध्यक्ष शाहीले जिल्लालाई साक्षर जिल्लाका रुपमा बिकास गर्नका लागि कुनै पनि बालबालिका शिक्षाको पहुँच भन्दा बाहिर राख्न नहुँनेमा समेत जोड जानकारी दिए । उनले गत बर्षको तथ्यांक अनुसार ९८ प्रतिशत बिद्यालय उमेरका बिद्यार्थीहरु बिद्यालय भर्ना भएको बताए । उनले भने, यस बर्ष हामीले ९८ प्रतिशतबाट ९८ दशमलव ५ प्रतिशत बिद्यार्थीहरु बिद्यालय भर्ना गर्ने लक्ष्य राखेका छौं । सत प्रतिशत बिद्यार्थीहरु बिद्यालय भर्ना गर्न यस बर्ष पनि नसकिने उनको भनाई छ ।

## कर्णाली प्रदेशको नीति तथा कार्यक्रम सार्वजनिक

**मिसन न्यूज**

**सुर्खेत**-कर्णाली प्रदेश सरकारले नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । सोमबार सार्वजनिक गरिएको नीति तथा कार्यक्रममा प्रदेशको अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशिल बनाउँदै समाजबाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने उल्लेख छ । नीति तथा कार्यक्रममा कर्णाली प्रदेशको प्रमुख उद्योगको रुपमा पर्यटन रहेकाले कर्णालीलाई 'पर्यटन हव'का रुपमा विकास गर्ने उल्लेख छ । यस्तै प्रदेशको भौतिक पूर्वाधार विकासका लागि पाँच वटा सडकलाई राष्ट्रिय गौरवको योजनाको रुपमा समावेश गर्न पहल गर्ने उल्लेख गरेको छ । कर्णाली कोरिडोर, भेरी कोरिडोर, सुर्खेत-दैलेख-नाग्म-गमगढी-नाक्चेलाग्ना सडक, दाङ-सुर्खेत-दिपायल सडक र तेलपानी-भूरिगाउँ सडकलाई राष्ट्रिय गौरवका आयोजनामा समावेश गर्न पहल गर्ने उल्लेख गरेको छ । नीति तथा कार्यक्रममा राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण प्रभाव पार्ने माथिल्लो कर्णाली, बेतन कर्णाली तथा नलसिंहगाड जलविद्युत आयोजनालाई पहिलो प्राथमिकतामा राख्दै यस्तै प्रकृतिका जलविद्युत आयोजनाहरुलाई संघीय सरकारसंग समन्वय गरेर प्रदेशमा लगानीमैत्री वातावरण बनाइने उल्लेख छ । प्रदेश सरकारले अव्यवस्थित र छरिएर रहेको बस्तीलाई एकीकृत गरेर 'स्मार्ट सिटी' का रुपमा विकास गर्ने भएको छ । नीति तथा कार्यक्रममा कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगरमा खानेपानीको दीर्घकालिन समाधानका लागि भेरी नदीको पानीलाई लिफ्ट प्रविधिमार्फत उपत्यकामा पुर्‍याइने उल्लेख छ । नीति तथा कार्यक्रममा गुणस्तरीय तथा प्राविधिक शिक्षा प्रदान गर्नका लागि पायक पर्ने र उपयुक्त बस्तीक्षेत्रका विद्यालयहरुलाई एकीकृत गरी आवासीय विद्यालय संचालन गर्ने उल्लेख छ । नीति

बाँकी ८ पृष्ठमा.....

## जनताको काममा ढिलासुस्ती नगर्न मुख्यमन्त्री शाहीको निर्देशन

**मिसन न्यूज**

**कालिकोट**-जनतालाई संघियता आफनै शासन भएको अनुभुति हुने गरि काम गर्न कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्र बहादुर शाहीले कालिकोटका कार्यालय प्रमुखहरुलाई निर्देशन दिएका छन् । गृहजिल्ला पुगेका मुख्यमन्त्री शाहीले सदरमुकाम मान्मामा सरकारी कार्यालयका प्रमुखहरुसंगको भेटघाटमा जनताको काममा ढीलासुस्ती नगर्न र खटाईएको कार्यक्षेत्रमा पुगेर काम गर्न निर्देशन दिएका हुन् । स्थानीय निकायको निर्वाचन संगै कर्मचारी र जनप्रतिनिधि बिच तालमेलको अभाव देखिएको वताउदै मुख्यमन्त्री शाहीले कर्मचारीसंग



रहेको दक्षता र जनप्रतिनिधिसंग रहेको योजनाको समायोजन गरेर मात्रै मुलुक विकासको दिशामा लम्कने बताए । उनले कर्मचारी भेटघाटमा कार्यालय प्रमुखहरुले राखेका जिज्ञासाको जवाफ दिदै कर्मचारी समायोजन, कर्मचारी र जनप्रतिनिधि बिच देखिएको असमझदारी लगाएतका समस्याको समाधान गर्न प्रदेश सरकारले पहल गर्ने प्रतिवद्धता गरे । विकास र समृद्धिको जनअपेक्षा पुरा गर्न प्रदेश सरकार तिव्र गतिमा अगाडि वढेको वताउदै मुख्यमन्त्री शाहीले सरकारको स्प्रीटमा कर्मचारी प्रशासन दौड्नु पर्ने आवश्यकता औंल्याए । उनले कानुनको अभावमा देखिएका समस्या सामाधानका

बाँकी ८ पृष्ठमा..

## सम्पादकीय

### जनस्वास्थ्य अनियमिता

हामीले खाने गरेको खाद्य सामग्री, तरकारी र फलफूल आदि गुणस्तरीय नभएको, तिनीहरूमा रासायनिक पदार्थ मिसाउने गरिएको र तिनीहरू खान योग्य नभएको कुरा जताततै चर्चा हुने गरेको पाइएको छ । त्यसरी खान योग्य नभएको कुरा पनि सर्वसाधारणले खाँदै आएका छन् साथै त्यस्ता खानेकुरा खान नमिल्दा नमिल्दै खान बाध्य भएर खाने गरेका छन् । 'स्लो प्वाइजन'को रूपमा काम गर्ने रासायनिक पदार्थ मिसिएका सामान के के हुन र तिनीहरू कस्ता हुन्छन् भन्ने कुरा सर्वसाधारणले चिने जानेका छैनन् । आफूले थाहा नपाएपछि के गर्ने भन्दै सर्वसाधारणले पनि अखाद्यवस्तु खाँदै आएका छन् । यस किसिमले लामो समयदेखि हामीले अखाद्य वस्तुहरूको प्रयोग गर्दै आएका छौं । त्यसमा पनि अहिले यस्तो अखाद्यवस्तु बजारमा देखिएको छ । वजारमा आएको खाद्य पदार्थ देखि लिएर फलफुल तथा तरकारी समेतमा पनि औषधी हालेर पनि वेचविखन गरेको पाईन्छ । जुन खाना साथ वाक्वाक लाग्ने र बिरामी हुने गरिएको छ । लौका, काँक्रो लगायतका खानेकुरा खाएर बिरामी भएको अवगतै छ । हाम्रो देशमा नक्कली चामल, नक्कली चिनी लगायतका खाद्य सामग्री भित्रिएका छन् । ती नक्कली खाद्य पदार्थ खाँदा त्यसले हाम्रो स्वास्थ्यमा भनै के कस्तो असर पार्ने हो, त्यो अहिले भन्न सकिने कुरा होइन । यसबारे सरकार वाला लगाएत अन्य सरकारी कार्यालय को चाँसोको विषय रहेको पाईन्छ । आँप, केरामा विषादी हालेर पकाएको कुरा वारम्वार आउने गर्दछ ।

# कर्णालीका कारुणिक समृद्धि सपना

**प्रेमबहादुर शाही**

कर्णाली आफैँमा एक पीडादायी शब्द हो । यो शब्दमै वेदना छ र हृदयस्पर्शी भाव छ । यो शब्द सुन्ने नागरिकलाई यति पीडा हुन्छ भने कर्णालीको पीडा भोग्नेलाई कति पीडा होला ? मानव इतिहासदेखि एक्काइसौं शताब्दीसम्म आइपुग्दा मानिस चन्द्रमामा बस्ती बसाल्न लागिरहेका छन् तर कर्णालीका नागरिकले अहिलेसम्म सरकार भएको अनुभूतिसमेत गर्न पाएका छैनन् । केन्द्रीकृत शासन प्रणालीले काठमाडौँबाट हेरेको दृष्टिले कर्णालीलाई कहिल्यै पनि निशाना लाउन सकेन । कर्णालीको परिवर्तनका लागि भनेर वर्षौंसम्म योजना बनाइयो, अरबौं रुपियाँ खर्च गरियो । राज्यले कर्णालीको कायापलट गर्ने सपना देख्यो त्यो सपना कर्णालीमा हैन शासकका मस्तिष्कमा बन्यो । कर्णालीको मानव सूचकांक माथि उठाउन कालो मसीले सेता कागज कैयौं भरिए । कर्णालीको समृद्धि भनेर चिच्याइरहेका दृश्य सञ्चार माध्यमले दिनहुँ देखाइरहे तर कर्णाली बासीले ती दृश्य कहिल्यै अनुभूत गर्न पाएनन् । बिरामी हुँदा उपचार नपाई ओछ्यानमै छट्पटीरछट्पटी आफन्त गुमाउनुपरेको तीतो दृश्य अहिले पनि आफन्तको आँखाअगाडि जस्ताको तस्तै छ । नेपाली आमाका सन्तान नासाको वैज्ञानिक बनिरहँदा कर्णालीका नागरिकले भने आफ्नो नामसमेत लेख्न जानेनन् । काठमाडौँमा कर्णालीका महिलाको परिवर्तनका लागि भन्दै धुलो उडाउने साडी लगाइरहँदा कर्णालीका महिलाले भने टालो हालेका कपडा लगाएर जीवन गुजारिरहेका छन् । एउटै भूमिमा जन्मिएका केही मानिस महलमा रमाइरहँदा घाम लाग्दा सूर्यका किरण ओछ्यानमा आइपुग्ने, पानी पर्दा छानोबाट पानी चुहिएर घरभित्रै पानीको ताल बन्ने पीडा कर्णालीबासीले खेपिरहेका यथार्थ हो । सधैं भोग, शोक र अभावमा पिल्सिरहेका कर्णालीबासी नागरिकको मुक्तिका लागि जति सपना देखे पनि त्यो साकार हुन सकेको छैन । कर्णालीका दुई जिल्लामा सडक यातायातसँग अहिलेसम्म कुनै साइनो जोडिएको छैन । विद्युतीकरण, सुविधा सम्पन्न अस्पताल नभएको यो कर्णालीलाई सामाजिक आर्थिक, पर्यटन क्षेत्रको विकास गरी समृद्ध बनाउन कठिन छ । दर्दनाक पीडा लुकाएर बसेका कर्णालीबासीको परिवर्तन चानचुने विषय हैन । देश संघीय संरचनामा गएसँगै अब कर्णालीका आमनागरिकले सरकार भएको अनुभूत हुने आश लिएका छन् । त्यो आश पूरा हुने हो वा निराशा हात लाग्ने हो भन्नेमा उनीहरू अलमलमै छन् । कर्णालीको समृद्धिका लागि भनेर २०७५ साललाई पर्यटन वर्ष घोषणा गरिएको छ । जसलाई सुर्खेतदेखि रारा तालसम्म रेखांकन गरिएको छ । यसलाई वैशाखमा प्रधानमन्त्री केपी ओलीले उद्घाटन पनि गरिसकेका छन् नव वर्षको अवसर पारेर । संघीय नेपाल समृद्धिको पहिलो सुरुवात यहींबाट हुने भनेका छन् । अर्थात सिंगो कर्णाली समृद्धिका



लागि रारा तालबाट बिगुल फुक्ने काम भइसकेको छ । तर यसको सफलता भने अहिले नै यसै भन्न सकिन्न । कर्णाली शतप्रतिशत परनिर्भर प्रदेश हो । यहाँ कुनै कलकारखाना छैनन् । सबै कुराको अभावमा पिल्सिएको यो प्रदेशलाई आत्मनिर्भर बनाउन सरकारलाई निकै चुनौती पनि छ । त्यसैले कर्णालीको विकास साँच्चै गर्ने हो भने गफमा हैन, काममा हात हालिहाल्नु पर्छ । अनि काठमाडौँका होटलहरूमा नभई कर्णाली मै बसेर नंग्रा खियाउनु पर्छ । यहींको धुलो सँग जुधिरहेका बासिन्दाको सहभागितामा विकास निर्माणका काम अघि बढाइनुपर्छ । ताकि उनीहरूको पनि उसमा स्वामित्व कायम होस् । सोभ्रो अर्थमा भन्ने हो अहिले समृद्ध कर्णालीको तातो भुंग्रोमा सरकारले हात हालेको छ । यति नै बेला तातेको तात्यै गयो भने सम्भव पनि छ । यसैलाई मनन गरेर अघि बढ्दा वेश होला ।


# मिसन न्यूज

राष्ट्रिय साप्ताहिक

MISSION News National Weekly

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित

सम्पादकःपवित्र शाही

प्रवन्ध सम्पादकःनिर्मला शाही

सह–सम्पादकःपंखबहादुर मल्ल

कम्प्युटर अप्रेटरःलिलाराज संज्याल

बजार ब्यवस्थापकःनिशा शाही

कार्यालयः खाँडाचक्र न.पा.-१ कालिकोट

इमेलः missionnewsp@gmail.com

फोन नं. ०८७-४४०२४२,९८४८०४९४५५

मुद्रणः ईश्वर अफसेट प्रेस मान्म-५ कालिकोट

www.missionenews.com



**शुभ कामना / शुभ कामना // शुभ कामना**

**नयाँ वर्ष २०७५ सालको पावन अवसरमा हामी हाम्रा सम्पुर्ण राजनीतिक दल, व्यापारी, व्यावसायी, पत्रकार नागरिक समाज सरकारी तथा गैर सर कारी कार्यालयका प्रमुख प्रतिनीधि, शिक्षक, आमा समुह महिला समुह लगायत कालिकोटबासी आमा बूबा दाजुभाई तथा दिदिबहिनहरुलाई हार्दिक मंगलमय शूभकामना व्यक्त गर्दछौं ।**

**मोतिराम रोकाया**
**कार्यालय प्रमुख**

**जिल्ला आर्थिक गणना कार्यालय, कालिकोट**



**क्षयरोग (टि.बी.) का लक्षणहरु**

**१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु । २. साँझ पख सधैं ज्वरो आउनु । ३. खाना खान मन नलाग्नु । ४. तौल(वजन) घट्नु । ५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्यसंस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।**

**जिल्ला स्वास्थ्य कार्यालय**
**कालीकोट**

# कर्णाली प्रदेशकी शक्तिकी देवी देउती बज्यैको मुहार फेरिँदै

धर्मराज जिसी

वीरेन्द्रनगर सुर्खेतको गंगामाला देउती बज्यै मन्दिरको पूर्वाधार निर्माण हुने भएको छ । कर्णाली प्रदेशकै मुख्य धार्मिक पर्यटकीयस्थल देउती बज्यै मन्दिर क्षेत्रको पूर्वाधार निर्माण गर्न लागिएको हो। वीरेन्द्रनगर नगरपालिका को अगुवाइमा देउती बज्यै मन्दिरको भौतिक पूर्वाधार विकासमा सहयोग गर्न जनस्तरबाटै देउती बज्यै पूर्वाधार विकास समिति गठन गरी पाँच वर्षे गुरुयोजना निर्माण गरेरै काम सुरु गरेको हो । 'देउती बज्यै मन्दिरको गुरुयोजना प्राविधिक सहयोगमा निर्माण गरेका छौँ । त्यहीअनुसार काम पनि सुरुवात भएको छ', देउती बज्यै पूर्वाधार विकास समितिका संयोजक मुकुन्दश्याम गिरीले बताए ।

संयोजक गिरीले भने, 'मन्दिरमा आवश्यक पर्ने पूर्वाधार निर्माणको काममा सबैको सहयोगको अपेक्षा राखेको छु । यो कर्णालीकै एउटा प्रमुख धार्मिक तीर्थस्थल हो । देउती बज्यैमा प्रशस्त धार्मिक पर्यटक आउने वातावरणमा स्थानीय सबैको हात हुन्छ ।' गिरीले अहिले वीरेन्द्रनगर नगरपालिका सँग सहकार्य गरेर काम गरिरहेको बताए । यसमा प्रदेश सरकार र केन्द्र सरकारले पनि सहयोग गर्ने विश्वास रहेको र कुरा पनि राखिसकेको उनको भनाइ छ । यता, वीरेन्द्रनगर नगरपालिकाकी उपप्रमुख मोहनमाया ढकालले वीरेन्द्रनगर नगरपालिकाको आर्थिक सहयोगमा पूर्वाधार निर्माण हुन लागेको बताइन् । 'नगरपालिकाले गुरुयोजना बनाएर पूर्वाधार निर्माण गरिरहेको छ । नगरपालिकाको काममा सहयोग गर्नुभएको छ । योअसाध्यै राम्रो काम हो', उपप्रमुख ढकालले भनिन् । के छ मन्दिरको गुरुयोजनामा ? प्रसिद्ध धार्मिक पर्यटनस्थलको रूपमा परिचित भए पनि सुर्खेतको देउती बज्यै मन्दिर भौतिक पूर्वाधारको हिसाबले कमजोर अवस्थामा रहेको मन्दिर हो । आन्तरिक तथा बाह्य श्रद्धालु भक्तजनहरूको घुइँचो लाग्ने गरे पनि मन्दिर परिसरमा शौचालय, स्नानगृह, पाटी पौवादेखि आधारभूत संरचनासमेत छैनन् । पूर्व राजाहरू भ्रमणमा सुर्खेत आउँदा पूजाआजा गर्ने मन्दिर पनि यही देउती बज्यैको मन्दिर हो । गुरुयोजनामा मन्दिरमा मौजुदा पूरा संरचनामा गंगामाला देउती बज्यैको मूल मन्दिर र गणेश मन्दिरबाहेक प्रायः नयाँ संरचना निर्माण गर्न लागिएको हो । नयाँ संरचनामा शिव, राधाकृष्ण, सनी, भैरव, हनुमानसमेतका मन्दिर सहायक मन्दिरको रूपमा रहनेछन् । त्यस्तै, यज्ञशाला, विवाह मण्डप, शौचालय, स्टेज, सत्संग भवन, धर्मशाला, सुरक्षा पोस्ट, सचिवालय, साना सवारी पार्किङ, साना सवारी प्रवेश, मार्वल फ्लोरिङ, फूल बगैंचा, कुवा बोरिङ, महिला स्नानगृह, पुरुष स्नानगृह, पानी टंकी, पाउपास स्टण्ड, फूल ढुवा नयाँ संरचना रहेका छन् । आर्थिक स्रोत जुटाउन महायज्ञ मन्दिरको गुरुयोजनाअनुसार भौतिक पूर्वाधार संरचना निर्माणका लागि आज (शुक्रबार)देखि मन्दिर प्रांगणमा देउती बज्यै विराट धनधान्याञ्चल महायज्ञ, २०७५ आयोजना गर्न लागिएको छ । देउती बज्यै मन्दिरको पूर्वाधार निर्माणका लागि आर्थिक स्रोत जुटाउन महायज्ञ संचालन गर्न लागिएको हो । महायज्ञमा एक रुपैयाँदेखि माथि जति पनि सहयोग गर्न सकिने संयोजक मुकुन्दश्याम गिरीले बताए । 'हामीले महायज्ञमा सहयोगको कुनै सीमा तोकेका छैनौँ । भक्तजनले एक रुपैयाँदेखि माथि जति पनि सहयोग गर्न सक्छन्, गिरीले भने, 'प्रस्तावित सिंगै संरचना कसैले बनाउन चाहे पनि बनाउन पाउने तर गुरुयोजनाअनुसार मात्र बनाउन पाउने गरी व्यावस्था मिलाएका छौँ ।' एउटा इट्टा मात्र मेरो तर्फबाट थप्छु भनेर गरे पनि हुने उनको भनाइ छ । गंगामाला देउती बज्यै मन्दिरको ऐतिहासिक पक्ष सुर्खेत जिल्लाको ( साविकको लाटिकोइली गा.वि.स) हाल वीरेन्द्रनगरको पिपिरामा रहेको गंगामाला देउती बज्यैको मन्दिर सुर्खेत जिल्लाको मात्र नभएर कर्णाली प्रदेशकै एक प्रमुख धार्मिक पर्यटकीय गन्तव्य हो । गंगामाला देउती बज्यै मन्दिरको इतिहास राजी जातिसँग जोडिएको पाइन्छ । राजी जाति सुर्खेत जिल्लामा बसोवास गर्ने पुराना जाति मानिन्छन् । भेरी नदीको पानीमा जाल हान्दा चार बहिनीलाई राजी जातिका मानिसले भेट्टाई नदी किनारामा देवीको मन्दिर बनाई पूजा गर्ने गरेको भनाइ छ । डोल्पावासीले थाहा पाएपछि गंगामालालाई फिर्ता लिन सुर्खेत पुगेछन् । त्यसबेला गंगामाला रिसाएर अलप भइछन् । अलप भएकी गंगामाया फेरि रोल्पामै उत्पत्ति भएको भन्ने किंवदन्ती छ । देउतीमाईका सात बहिनीमध्ये केशमाला सल्यान कालीकामाटी, रतनमाला सुर्खेत गोच्चे पोखरा, रुद्रमाला सुर्खेत सुबाघाट, चतुर्माला कल्याण सुर्खेत, चामामाला बबैगुठी बर्दिया, राममाला छिन्चु सुर्खेत र गंगामाला नयाँ गाउँ पिपिरा सुर्खेत रहेको भन्ने जनविश्वास छ । तीमध्ये गंगामालालाई सुर्खेतका राजीहरूले भेरी नदीमा जाल हान्दा कन्याको स्वरूपमा भेटेपछि राजी आश्चर्यका साथै त्रसित भए । देवीले तिमी नडराऊ, बरु मलाई उपयुक्त ठाउँमा स्थापित गर भन्दा राजीले 'हामी मतवाली जाति हौँ । माछा, मासु खाने जातका हौँ' भनी असमर्थता प्रकट गर्दा देवीले राजीहरूले पूजा गरेपछि आफू सन्तुष्ट हुने कुरा व्यक्त गरिन् । त्यसपश्चात राजीहरूबाट नै देवीको पूजा चल्दै आएको भनाइ छ । गंगामालाको पछाडि देवती बज्यै उपनाम थपिएको सम्बन्धमा अर्को किंवदन्ती छ । स्थानीय एउटी विधवा बाहुनीलाई एक दिन नातेदार पाहुनाले 'यो बूढी त बोक्सी रहिछ भनी आरोप लगाए । आफूलाई बोक्सी भनेको आरोप सहन नसकी गंगामालाको मन्दिरमा उनले आत्महत्या गरिन् । अकाल मृत्युका कारण प्रेत आत्माले गाउँलेलाई सताउन थाल्यो । ब्राह्मणबाट होमयज्ञ, पूजापाठ गर्न लगाएपछि प्रेत आत्मा शान्त भयो ।' यसरी देउती बज्यै भन्ने उपनाम थपी शक्तिको रूपमा श्री गंगामाला देउती बज्यै भनी पूजा गर्न थालिएको भनाइ रहेको छ । गंगामाला देउती बज्यै मन्दिरमा अक्षता र ध्वजा उठाई भाकल गर्ने चलन छ । यसरी भाकल गरेमा आफूले सोचेका कुरा पूरा हुने जनआस्था र विश्वास पनि छ । देउती बज्यैले न्याय दिने गर्छिन् भन्ने विश्वास पनि रहिआएको छ । अन्यायीलाई रगत छदाउने र न्यायीलाई फूलप्रसाद दिलाउने परम्परा रहेको बुढापाकाको भनाइ छ । त्यही अलौकिक शक्तिबाट अझै पनि मानिस देउती बज्यैसँग डराउँछन् । देउती बज्यैमा एकादसी, औँसी, आइतबार र संक्रान्तिका दिनमा पशुबलि दिन छाडिएको छ । परेवाको बलि दिने प्रथा तत्कालीन राजा वीरेन्द्र सुर्खेत भ्रमणमा आएको बेला हटाइएको हो । अहिले परेवाको जोडी उडाउने चलन छ । घण्ट, ध्वजा, त्रिशूल, अक्षता, फलफूल, धुप चढाई देउती बज्यैको पूजा आराधना गर्ने गरिन्छ ।


## सम्पुर्णमा हाम्रो अनुरोध

जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वर परको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

जिल्ला समन्वय समिति
कालिकोट

## कालिकोटवासी सम्पुर्णमा हाम्रो अनुरोध

जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

खानेपानी सरसफाइ तथा सब–डिभिजन
कार्यालय कालीकोट

## मनोरञ्जन

# टिका पुनले ल्याइन् नेपाल चिनाउने गीत



चर्चित लोक तथा लोहोरी गायिका टीका पुनको नयाँ गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ । जुन गीतमा नेपाल चिनाइएको छ। गीतमा मेचिदेखि महाकालिसम्मको नेपालको भौगोलिक अवस्थासगै पर्यटकीय स्थललाई समेटिएको छ। 'डोल्पा जाने रेल बाटो' टाइटलको यो गीतमा नेपाललाई स्वीट्जर ल्याण्ड भन्दा पनि राम्रो भएको भन्दै चिनाइएको छ । नेपालमा राम्रा ठाउँ हुँदाहुँदै घुम्नका हंकड, सिंगापुर लगायतका विदेशमा जाने गरेको भन्दै नेपालमै टूर गर्न सुझाव दिइएको छ। नेपालका सरगमाथाका बेस क्याम्प, खप्पतड, डोल्पा, जुम्ला, हुम्ला, मुस्ताङ, जोमसोम नै स्वर्ग भएको बताइएको छ । हिमाली रेल मार्गको परिकल्पना, जलविद्युत निर्माण, आन्तरिक पर्यटन प्रबद्धन, युवालाई स्वदेशमै रोजगारी दिएर नेपाललाई समृद्ध बनाउनु पर्नेसुझाव गीतबाट दिइएको छ । पूर्वकाका मान्छेलाई पश्चिम र पश्चिमका मान्छेलाई पूर्वका ठाउ बारे कम मात्र जानकारी नहुने भएकोले एउटै गीतमा देशभरका महत्वपूर्ण ठाउलाई समेटिएको गायिका पुनले बताइन्। देशमा पर्यटनको ठूलो सम्भावना हुदाहुदै पनि प्रचार हुन नसकेकोले यो गीत ल्याइएको उनको भनाइ छ । यो गीतमा टीका पुन र कृष्ण रेउलेको स्वर र अभिनय रहेको छ भने लय शब्द कृष्ण रेउलेकै रहेको छ ।

## स्वास्थ्य

# गर्मीमा बालबालिकालाई जलवियोजन

गर्मी मौसमसँगै बालबालिका झाडा पखालाको जोखिममा हुन्छन् । झाडा पखालासँगै बालबालिकामा जल वियोजनको समस्या आएमा मृत्यु नै हुन सक्छ। त्यसैले झाडापखालाको उचित उपचार गर्न जरुरी हुन्छ। लगातारको झाडा पखालाले बालबालिका को शरीरमा आवश्यक पानीको मात्रा कम हुन्छ । जसका कारण अन्य रोग पनि लाग्न सक्छ । यसकारण बालबालिका झाडापखालाको जोखिममा हुन्छन् । बालबालिकामा रोगप्रतिरोधी क्षमता कम हुन्छ। जसका कारण विभिन्न संक्रमण देखा पर्ने गर्छ।

प्रदूषित वातावरण, फोहोर पानी, फोहोर सागसब्जी र फलफूलका कारण उनीहरूलाई रोटा भाइरस संक्रमणको खतरा हुन्छ। झिँगामार्फत पनि यस्तो भाइरस सर्न सक्छ। फोहोर छोएर हात राम्रोसँग नपखाली खाँदा पनि यस्तो भाइरस पेटमा प्रवेश गरी भिन्न समस्या निम्त्याउँछ। यो दिसा-पिसाब र अन्य फोहोरमा हुने कीटाणु हो । **के हो झाडापखाला ?** २४ घन्टा अर्थात् एक दिनमा तीनपटक वा सोभन्दा बढी पानीजस्तो पातलो दिसा भएको अवस्थालाई सामान्यतया झाडापखाला भनिन्छ। विषाणु, जीवाणु र परजीवीका कारण झाडापखाला लाग्ने गर्छ । **झाडापखालामा जलवियोजन** बालबालिकामा केही र कडा जलवियोजन हुने गर्छ। कडा जलवियोजनका कारण आलस्य, बेहोसीपन हुनुका साथै आँखा गाडिने र सुक्खापनको समस्या हुन्छ। मुख र जिब्रोमा पनि सुक्खापनको समस्या देखिन्छ। त्यस्तै, यस्तो अवस्थामा तरल पदार्थ र पानीसमेत पिउन नसक्ने अवस्था सिर्जना हुन्छ। **झाडापखाला को उपचार**-झाडापखालामा डायरिया या कडा जलवियोजन भएको अवस्थामा आइबी फ्लुयड्स लिनुपर्छ । यसले शरीरमा पानीको कमी हुनबाट रोक्छ। डिहाइड्रेसनका कारण केही खानपिउन नसक्ने बालबालिकालाई आइबी फ्लुयड्स चढाउने गरिन्छ। भाइरल र डायरिया संक्रमण निको पार्न परोबायोटिक्स दिइन्छ र ब्याक्टेरियल संक्रमणका लागि एन्टिबायोटिक। त्यस्तै, ५ वर्षभन्दा कम उमेरका बालबालिकालाई जिंक चक्की १४ दिनसम्म दिइन्छ । **बच्न**-झिँगा बसेको, बासी, नछोपेको खानेकुरा प्रयोग नगर्ने र हात सफा गरेर मात्र खाने । बच्चालाई मात्र नभएर घरको वातावरण पनि सफा राख्ने । उमालेको पानी मात्र प्रयोग गर्ने बानीको विकास गर्ने। राम्रोसँग पखालेर मात्र फलफूलको सेवन गर्ने । बासी, तारेको, भुटेको, पिरो र मसलेदार खानाको प्रयोग नगर्ने । रोटा भाइरसविरुद्धको भ्याक्सिन लिइरहने । अमिलो, आलु, भन्टा, कोबी, अचारको प्रयोग नगर्ने । बच्चा जन्मेको ६ महिनासम्म आमाको दूध मात्र खुवाउने । ९ महिना पूरा भएपछि दादुराको खोप लगाउने ।


लोग सेवा आयोगको अग्रगामी सोच आधुनिक परीक्षण प्रविधिको प्रयोगबाट योग्यतम ब्यक्तिको छनोट

नेपाल सरकार सुचना तथा सञ्चार मन्त्रालय
सुचना विभाग



व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कर्षि उत्पादन एवं उत्पादकत्व बढाई जिल्लामा स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं।

नेपाल सरकार कृषि विकास मन्त्रालय
जिल्ला कृषि विकास कार्यालय,
कालिकोट



प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।

जिल्ला स्वास्थ्य कार्यालय
कालीकोट

# कर्णाली प्रदेशमा कसैले पनि टायर वाल्नु पर्दैन

**मिसन न्यूज**

सुर्खेत-कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रवहादुर शाहीले आदिवासी जनजातिको समस्यालाई प्रदेश सरकारले उचित रुपमा सम्वोधन गर्ने बताएका छन् । मुख्यमन्त्री शाहीले संविधानमा सम्वोधन नभएका आदिवासी जनजातिका समस्यालाई कानुन निर्माण गरेर समाधान गरिने बताएका हुन् ।

प्रदेश मुख्यालय सुर्खेतमा शुक्रवार आदिवासी जनजाति महासंघको ज्ञापन पत्र वुझ्दै मुख्यमन्त्री शाहीले भने - 'सामाजिक तथा साँस्कृतिक विविधताले भरिएको कर्णाली प्रदेशमा कसैले पनि आफनो माग पुरा गर्न जुलुश लाउनु पर्दैन, टायर वाल्नु पर्दैन ।' मुख्यमन्त्री शाहीले आदिवासी जनजातिको भाषा संस्कृतिको संरक्षणका लागि वहुजातिय साँस्कृतिक संग्राहलय, मातृभाषामा शिक्षा



कर्णाली प्रदेशकालागि सान्ती भन्दै शाहीले ज्ञापन पत्र बुझ्दै ।

र आवश्यक साँस्कृतिक विदाको व्यवस्था गर्न सरकार प्रतिवद्ध भएको बताए । कर्णाली प्रदेशमा आफुहरु अन्यायमा परिहाल्छौं की भन्ने आशंका नगर्न आग्रह गर्दै मुख्यमन्त्री शाहीले आदिवासी जनजाति समुदायलाई पनि राज्य संचालनमा सहभागि वनाउने प्रतिवद्धता व्यक्त गरे । राष्ट्र निर्माण अहिलेको प्रमुख आवश्यकता रहेको वताउदै उनले भने- 'कर्णाली प्रदेशका सवै समुदाय राष्ट्र निर्माणको अभियानमा लाग्न जरुरी छ, त्यसको वातावरण राज्यले वनाउछ ।' मुख्यमन्त्री शाहीले कर्णाली प्रदेशका जनतालाई गरीवीवाट मुक्त गर्न सरकारले आर्थिक विकास र समृद्धिको योजना ल्याएको बताए ।

अहिले संसारका सवैभन्दा गरीव मान्छे हेर्न कर्णाली प्रदेश आउने स्थितिको अन्त गर्दै केही वर्षमै संसारका सवैभन्दा सम्पन्नशाली मान्छे हेर्न कर्णाली प्रदेश आउनुपर्ने अवस्था निर्माण गर्न सरकार लागि परेको उनको भनाइ थियो । कर्णाली प्रदेशमा सवै जनताको घरमा विजुली, स्वच्छ खानेपानी, सवै नागरीकलाई विशेषज्ञ स्वास्थ्य सेवा, हरेक घरको आँगनमा मोटर मुख्यमन्त्री शाहीले बताए ।


## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि
स्वास्थ्य परिक्षण गरौ ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ
नखाउ र नखुऔ ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ,
सफा र स्वस्थकर तरिका अपनाऔ ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउ र नखुवाऔ ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि
मात्र खाऔ ।

नेपाल सरकार
पशुपंक्षी विकास मन्त्रालय
जिल्ला पशु सेवा कार्यालय
कालिकोट

हार्दिक शुभकामना



कालिकोट जिल्ला स्थित मिसन न्यूजका सम्पादक तथा अनलाइन,एभिन्यूज र नागरीक न्यूजमा आवद्ध पवित्र कुमार शाही नेपाल पत्रकार महासंघ कर्णाली प्रदेशको सचिव पदमा निवाचित हुनु भएकोमा वधाई तथा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मिसन न्यूज परिवार कालिकोट

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्बन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्बन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

(सव–डिभिजन प्रमुख) एवं
खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालिकोट

सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं,गरिबी न्यूनिकरण गरौं ।

सिंचाइ विकास सव डिभिजन कार्यालय कालिकोट

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै अस्पतालमा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
Ih Nff :j f:Yo s fofn{o s flns f6

# अन्तराष्ट्रिय न्यूज

## सरकार विरोधी प्रदर्शनको रिपोर्टिङ गरि रहेका पत्रकार मारिए



निकारागुवा - निकारागुवामा भइरहेको सरकार विरोधी प्रदर्शनको फेसबुकमार्फत प्रत्यक्ष प्रसारण गरिर हेका एक पत्रकारको गोली लागेर मृत्यु भएको छ। एन्जल गाहोना नामक ती पत्रकारले क्यारेबियन टापु सहर ब्लूफिल्ड्समा प्रदर्शनका कारण एउटा बैंकमा भएको क्षतिका बारे शुक्रबार फेसबुकमार्फत् प्रत्यक्ष प्रसारण गरिर हेकै बेला उनलाई गोली लागेको समाचार एजेन्सी रोयटर्सले जनाएको छ। मिडियो फुटेजमा गोली लागेका उनी भुईंमा लडेको र रगत बगिरहेको देखिएको छ। निकारागुवाका राष्ट्रपति ड्यानियल अर्टेगा नेतृत्वको सरकारले बुधबार पेन्सनसम्बन्धी व्यवस्थामा गरिएको परिवर्तन स्वीकृत गरेपछि सुरु भएको सरकार विरोधी प्रदर्शनका कारण एक पत्रकारसहित दुई दर्जन मानिसको मृत्यु भइसकेको छ। सरकारले मजदुर र कामदारबाट पेन्स कोषमा योगदानको वृद्धि गर्दै समग्र फाइदामा ५ प्रतिशत घटाएको छ। प्रदर्शनकारीले सरकारी भवनमा क्षति पुर्याउने र आगजनी गर्ने थालेपछि सरकारले देशका विभिन्न सहर मा सरकारी फौज तैनाथ गरेको छ।


### नेपाल सरकार
### केन्द्रीय तथ्याङ्क विभाग
### जिल्ला आर्थिक गणना कार्यालय कालिकोट अनुरोध

**यही मिती २०७५ साल बैशाख १ गतेदेखि जेष्ठ ३१ गतेसम्म प्रत्येक उधोग, ब्यापार, ब्यावसाय, शैक्षिक प्रतिष्ठान, स्वास्थ्य संस्था, बैंक तथा वित्तीय संस्था लगायत राजनितीक दल अन्य विभिन्न प्रकारका सेवा प्रदायक संघ संस्था तथा कार्यालयहरुमा गणकहरु आउदै छन्। आ-आफ्नो प्रतिष्ठानका क्रियाकलापहरु सम्बन्धीत सही विवरण उपलब्ध गराई प्रथम राष्ट्रिय आर्थिक गणना २०७५ सफल पारौं। तपाईहरुको दिनुभएको विवरणहरु तथ्याक्त ऐन अनुसार गोप्य रहने छन् र समष्टिगत सूचकहरु उत्पादनका लागी मात्र प्रयोग गरिने छन्। निर्धक्क भई यस गणनामा सहभागी बनौं।**

**नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभाग**
**जिल्ला आर्थिक गणना कार्यालय कालिकोट**


## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरुः-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर।
२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर।
३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने।
४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ। वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ।
२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method
अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ।
३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर।

**जिल्ला वन कार्यालय**
**कालीकोट**
फोन नं. ०८७-४४०००२


*एक घर एक करेसावारीको स्थापना गरौं।*
*स्वच्छ र ताजा तरकारीको सेवन गरौं॥*

**नेपाल सरकार**
**कृषि बिभाग**
**क्षेत्रीय कृषि निर्देशनालय**
जिल्ला कृषि बिकास कार्यालय,
**कालिकोट**



हेर्नुहोस मिसन न्युज, हुनुपर्दैन कन्फ्यूज
नरहनुहोस बेखवर गाउँदेखि सहर।

MISSION

मिसन न्यूज
राष्ट्रिय
साप्ताहिक

www.missionenews.com


## महत्वपूर्ण टेलिफोनहरु

| | |
|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ |
| जिल्ला बिकास समिति | ४४००२१/४४०११४ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ |
| जिल्ला कारागार शाखा | ४४००१७ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० |
| जिल्ला पशु सेवा कार्यालय | ४४००२३ |
| जिल्ला शिक्षा कार्यालय | ४४०११६ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ |
| जिल्ला कृषि विकास कार्यालय | ४४०११८/४४०२०९ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ |
| जिल्ला प्राबिधिक कार्यालय | ४४०१५३ |
| कालीकोट, जुम्ला, हुम्ला सडक योजना | ४४०१७६ |
| स्थानीय शान्ति समितिको कार्यालय | ४४०१८१ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ |
| नेपाल खाद्य संस्थान | ४४०००८ |
| महिला तथा बालबालिका कार्यालय | ४४००८४ |
| खानेपानी स.तथा सव–डिभिजन | ४४०००३ |
| कृषि विकास बैंक कालिकोट | ४४००५९ |
| राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ |
| जिल्ला वन कार्यालय | ४४०००२ |
| घरेलु तथा साना उद्योग संघ | ४४००१० |
| जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| नापी कार्यालय | ४४००१८ |
| मालपोत कार्यालय | ४४००१९ |
| जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| मष्टामाण्डु पेट्रोल पम्म | ९८४१४५९३९४ |
| ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| एसियन लाइफ उपशाखा कालिकोट | ०८७४४०२५५ |
| उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| मिसन न्यूज | ०८७–४४०२४२ |

# जुम्ला सदरमुकामको कारोवार ५० प्रतिशत घट्यो

**मिसन न्यूज**

**जुम्ला**-संघीयता कार्यान्वयन तहमा गएसँगै स्थानीय सरकार गठन भएको एक वर्ष पुग्दैछ । गत असारको मसान्ततिर नगर तथा गाउँसभा भएर आर्थिक वर्ष २०७४/७५ को नीति, बजेट तथा कार्यक्रम तर्जुमा भयो । त्यसको लगत्तै साउन १ गते नै सरकारले मुलुकभरिका सबै स्थानीय तहमा एक तिहाइ बजेट निकासा दियो। सरकारका जिल्ला तथा गाउँसम्म रहेका स्थानीय निकायहरु स्थानीय तहमा परिणत भइसकेपछि सदरमुकाम केन्द्रित सरकारी सेवाहरु पनि विकेन्द्रित भए । सरकारका विभिन्न मन्त्रालय र ती अन्तर्गतका क्षेत्र तथा जिल्लामा रहेका स्थानीय निकाय खारेज भई स्थानीय सरकारका एकाइका रुपमा स्थापना हुँदा अहिले जिल्ला सदरमुकाम तथा शहर केन्द्रित सरकारी कर्मचारी गाउँ केन्द्रित भएका छन् । यसबाट नागरिकले सिंहदरबारको अधिकार गाउँमा आएको महसुस गरेका छन् । कृषि, शिक्षा, स्वास्थ्य, पशु, खानेपानी, महिला, सिँचाइ, घरेलु तथा साना उद्योग र बैंकिङ



जुम्ला सदरमुकाममा अवस्थित खलंगा वजार

कारोवारलगायत कार्यालयका सेवा आफ्नै गाउँघर नजिकबाट पाउन थालेपछि नागरिकलाई हिजोको जस्तो जिल्ला सदरमुकाम धाउनु परेको छैन । नागरिकता, नापी मालपोतबाहेक अन्य कामका लागि गाउँका जनता घर नजिकको सरकारबाट सेवा लिन थालेका छन्। जग्गा खरिद व्यापार, अन्य दैनिक उपभोग्य वस्तुको किनबेच, यातायात सेवा, सेवाका लागि उनीहरुलाई सदरमुकाम धाउनु परेको छैन। यहाँका सबै स्थानीय तह आफ्नो गाउँपालिकालाई कसरी आत्मनिर्भर बनाउने भन्ने ध्याउन्नमा छन्। त्यसका लागि उनीहरुले स्थानीय तहमा कानून निर्माणमा पनि त्यत्तिकै जोड दिएको पाइन्छ। विगतमा व्यापार व्यवसायदेखि निजी तथा सरकारी सेवा लिन बजारमा केन्द्रित हुने प्रणाली अन्त्य भएपछि अहिले सम्बन्धित तहका जनप्रतिनिधिसहित ग्रामीण जनता सबै आ-आफ्नै पालिका विकासमा लागेका छन् । शक्ति पृथकीकरणसँगै राज्यले सेवा विकेन्द्रीकरण गर्दा हिजोका जिल्ला सदरमुकाम तथा सेवा सुविधा केन्द्रित क्षेत्रहरुमा आज नागरिक चाप घटेको छ । यसभन्दा अघि सदरमुकामका जुनसुकै क्षेत्रमा देखिने भिड आजभोलि कतै देखिदैनन्। यसले गर्दा जुम्ला जस्तै नेपालका सबै जिल्ला सदरमुकाम केन्द्रित बजार तथा शहरको दैनिक कारोबार ह्वात्तै घटेको पाइन्छ। त्यसको प्रत्यक्ष असर जुम्लामा धेरै परेको छ । जुम्ला सदरमुकाम खलंगामा व्यापार व्यवसाय तथा विभिन्न क्षेत्रको कारोवार प्रक्रिया ओरालो लागेको छ । समग्र क्षेत्रको व्यावसायिक कारोवारलाई हेर्दा ७० प्रतिशत घटेको उद्योग वाणिज्य संघ जुम्लाका अध्यक्ष रामदत्त रावलले जानकारी दिनुभयो। उहाँले सदरमुकामको दैनिक कारोवार निराशाजनक अवस्थामा पुगेको बताउनुभयो। 'यसको प्रमुख कारण जुम्ला सदरमुकाम मुकामविहीन र जनताका अधिकांश काम स्थानिय तहबाटै सम्पन्न हुनु हो, उहाँले भन्नु भयो । उहाँले चन्दननाथ नगरपालिका रहेको सदरमुकाम खलंगाको समग्र क्षेत्रको कारोवार वृद्धि र आर्थिक प्रगति गर्न यही वैशाख १३ देखि २३ गतेसम्म कृषि औद्योगिक पर्यटन महोत्सवको आयोजना गरिएको बताउनुभयो । यसले कर्णाली प्रदेश सरकारद्वारा वैशाख १ गतेका दिन प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गर्नुभएको 'कर्णाली-रारा पर्यटन वर्ष २०७५' लाई पनि टेवा पुग्ने उहाँको भनाइ छ। क्षेत्रीय होटल संघ जुम्लाका अध्यक्ष दिलबहादुर महतले लजहरु केही हदसम्म चले पनि रेष्टुरेण्ट, कटेज तथा साना व्यवसायीको ७० प्रतिशत कारोवार घटेको बताउनुभयो। **बाँकी ८ पृष्ठमा..**

## सूचना

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाा सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**जिल्ला स्वास्थ्य कार्यालय**
**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आागन सफा राखौं, किटजन्य रोग भगाऔं**

**रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं**

**जिल्ला स्वास्थ्य कार्यालय**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**(सव-डिभिजन प्रमुख) एवं**
**खानेपानी सरसफाइ तथा सव-डिभिजन कार्यालय कालिकोट**

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाझाँ जगगामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं।**

**नेपाल सरकार कृषि विकास मन्त्रालय**
**जिल्ला कृषि विकास कार्यालय,**
**कालिकोट**

**जनताको काममा............**

लागि कानुन निर्माणको कामलाई पनि गति दिन प्रदेश सरकार लागिपरेको बताए । कतिपय गाउँमा प्रहरी युनिट समेत नरहेको अबस्थामा शान्ति सुरक्षा कायम गर्न चुनौतीपुर्ण रहेको जानकारी गराए । वैठकमा गएको चैत २३ गतेको असिना पानीले कृषकहरुको अन्नबाली र फलफुलमा पुर्याएको क्षेतीको अवस्थाका विषयमा समिक्षा भएको छ ।

## कर्णाली प्रदेशको नीति र कार्यक्रमहरु..............

तथा कार्यक्रममा प्रदेशमा संचालित मध्यपशिचमाञ्चल विश्वविद्यालय र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई प्रदेश सरकार मातहत संचालनका लागि कानुनी तथा संस्थागत प्रवन्ध सुरु गर्ने, सुर्खेतस्थित क्षेत्रीय अस्पताललाई मेडिलक कलेज तथा शिक्षण अस्पतालको रुपमा विकास गर्ने, अन्य नौ वटै जिल्लाका सदरमुकाममा ५० शैड्या अस्पताल निर्माणका लागि अध्ययन शुरु गर्ने, प्रत्येक प्रादेशिक निर्वाचन क्षेत्रमा जनघनत्व हेरेर १५ देखि २५ शैड्याको अस्पताल स्थापनाको प्रक्रिया अगाडी बढाइने उल्लेख छ ।

**जुम्ला सदरमुकामको.......**

स्थानीय निकाय हुँदा समयमा सबै सेवा र कर्मचारी बजार केन्द्रित थिए । त्यतिबेला व्यापार व्यवसाय अपेक्षाभन्दा राम्रोसँग चल्ने गर्थ्यो । स्थानीय सरकार गठनपछि कर्मचारी गाउँ केन्द्रित भए र नागरिकको आवतजावत पनि दैनिक रुपमा घटेपछि बजार सुक्दै गएको छ, अध्यक्ष महतले भन्नुभयो । पूर्व शिक्षक तथा व्यापारी प्रयागदत्त उपाध्यायले संघीयता कार्यान्वयनले जिल्ला सदरमुकामको व्यापार खुम्चिँदै गएको बताउनुहुन्छ । मुलुकको केन्द्रीकृत व्यवस्था हुञ्जेलसम्म व्यापारीले आफ्नो व्यवसायमा एकाधिकार जमाए पनि अहिले व्यापार गर्नेहरुलाई १० प्रतिशत लिन मुस्किल परेको उहाँले बताउनु भयो । उहाँका अनुसार सबैले आ-आफ्नै पालिकामा जग्गा कारोवारदेखि व्यापार व्यवसाय शुरु गर्न थालेका छन् । जिल्ला मालपोत कार्यालयका निमित्त मालपोत अधिकृत रामलाल प्याकुरेलले सदरमुकाम जुम्ला खलंगामा बैंकिङ कारोवार बढे पनि जग्गा कारोवार फाट्टफुट्ट भएको बताउनुभयो । सदरमुकामको तुलनामा गाउँको जग्गा कारोवारमा वृद्धि भएको उहाँको भनाइ छ ।

**(भ्रष्टाचार विरुद्धको सहकार्य:सुशासनको लागि अपरिहार्य)**

**कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको ब्यक्तिले भ्रष्टाचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्यक्स गरी भ्रष्टाचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुर्‍याउन हुन अनुरोध छ ।**

**सम्पर्क ठेगाना**

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत**

**फोन नं. ०८३–५२५३७४, ०८३–५२३१७८, ०८३–५२१९६०**

**फ्यक्स नं. ०८३–५२३८८४**

**२४ सै घण्टा उपलब्ध हुने मोबाइल नं.९८५८०५३४२२**

**ईमेल** ciaasurkhet@gmail.com

**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाइ सरसफाई बारे.............**

| हात अनिवार्य धुनपर्ने जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित व्यवहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यवहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**(सव–डिभिजन प्रमुख)**

**एवं खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय परिवार कालिकोट**

# श्री महावै गाउँपालिका

**गाउँकार्यापालिकाको कार्यालय**
**कर्णाली प्रदेश**
**पादमघाट, कालिकोट**

**मोटर सडक ट्याक खोल्ले सिल्बन्दि दरभाउपत्र आव्हान सम्बन्धी सुचना**

**प्रथम पटक प्रकाशित मिति २०७४/१२/१६**

चालु आ.व. २०७४/०७५ मा यस महावै गाउँपालिकाको मिति २०७४/१२/०७ मा बसेको कार्यपालिकाको निर्णय नं. ५ बमोजिम आ.व. ०७५/०७६ को वजेट बाट रकम भुक्तानी दिने गरि वडा नं. ३ मा पर्ने वडा कार्यालय देखि सिमखेत सितल बजार र वडा नं. ६ को हलाने देखि वडा नं. ५ को चेबेट्टे सम्म मोटर सडक ट्याक ओपन गर्नको लागि ईच्छुक कन्ट्रयाक्टरहरुबाट ईजाजत पत्र मु अ कर दर्ता प्रमाण-पत्रको स्थायी लेखा नम्बर लिएको प्रमाण-पत्र आ.व. २०७२/०७३ को कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी रु १०।- को टिकट टाँसी कारवाहीमा नपरेको स्वय घोषणाको निवेदन साथ यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालयको समयमा यस कार्यालयमा निवेदन पेश गर्न सकिने छ । यो सुचना प्रकाशित भएको १६ औं दिनको १२ वजे भित्र यस कार्यालयमा रितपुर्बक दर्ता हुन आएका शिलवन्दि दर भाउपत्रहरु सोही दिनको ३ बजे उपस्थित दभाउपत्र दाता वा निजका प्रतिनिधिहरुको रोहवरमा श्री महावै गाउँपालिकाको कार्यालयमा खोलिने छ । अन्य जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयमा सर्म्पक राख्न सकिने छ ।

| क्र.सं. | कामको विवरण | जमानत बापतको धरौटी रकम रु | दरभाउपत्र फारमको मुल्य रु | कामको अधिक्तम मापदण्ड |
|---|---|---|---|---|
| १ | वडा नं. ३ को वडा कार्यालय देखि सिमखेत सितल बजार र वडा नं. ६ को हलाने देखि वडा नं. ५ को चेबेट्टे ढुग्गा सम्म मोटर बाटो ट्र्याक ओपन | | १०००।- एक हजार पछि फिर्ता नहुने गरी | ब्रेकर प्रति घण्टा ८०००।- र बोगेट प्रति घण्टा रु ६०००।- |

**नन्दप्रसाद देवकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**

## बेस्ट कर्णाली मिडियाको नौलो धमका

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रेस काउन्सिल नेपालमा प्रदेश नम्बर ६ af6 kl/d ;Ir s/0f ePsf] **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । साथै यस मिडियाद्धारा स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक पत्रिका प्रकाशन भईरहेको छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

**हाम्रा विशेषताहरु**

– सरकारी, गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन ।
– अनलाईन पत्रिका डिजाइन ।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
– वेव तथा अनलाईनका लागि होस्टीग ।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
– भिडियो डुकुमेन्ट्रीउत्पादन ।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

**फोन** : ०८७-४४०२४२

**इमेल** : bestkarnalimedia@gmail.com

missionnewsp@gmail.com